## नीतिगत निर्णयहरुः

**निर्णय नं. २०** आ.ब. २०७४।०७५ देखि कम्तिमा तिन आर्थिक बर्षलाई पूर्वाधार निर्माण बर्षको रुपमा मनाई आबस्यक पूर्वाधारहरु निर्माण गर्दै जाने भन्ने निर्णय गरियो ।

**निर्णय नं. २१ लेखापरिक्षण तथा बेरुजु सम्बन्धमाः** आ.व. २०७३/०७४ को माहालेखा परिक्षकको कार्यालय डोरमुकाम बझाङ्गबाट यस नगरपालिकाको आन्तरिक स्रोत तथा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त विभिन्न ब.शि.नं.हरुसमेत गरी जम्मा रु. १२,८८,३५,७६६।३९ को लेखा परिक्षण भई सो रकमको लेखापरिक्षण हुंदा दफा नं. ६,१९ मा अशुल गर्नुपर्ने रु. १७,६५२। दफा ७,२०,२४,२५,२६,२७ मा प्रमाण कागजात पेश नभएको र नियमित गर्नु पर्ने रु. ६,३४,८९९।४० दफा १८ मा पेश्की रु. ७०,९६,०००। बेरुजु कायम भएकोमा आवश्यक प्रमाण कागजात राखि बेरुजु सम्मप्रेसण गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २२** नगरलाई सफा, सुरक्षित, बिकसित र नमुना योग्य बनाउदै लगिने निर्णय गरियो ।

**निर्णय नं. २३** जयपृथ्वी नगरपालिकालाई तिब्बतको पबित्र धार्मिक स्थल मानासरोबर सम्म जाने यातायात मार्गको प्रस्थान बिन्दुको रुपमा बिकसित गरी बजार व्यवथापनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. २४** नगरको सम्बृद्धीका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संध संस्था र भगिनी न.पा. संग सम्पर्क सहयोग बिस्तार गरिने निर्णय गरियो ।

**निर्णय नं. २५** नगरपालिकामा रहेका नदी, खोला तथा जलाधार संरक्षण गरि प्रदूषण नियन्त्रण र पर्याबरण सन्तुलनका लागि व्यापक रुपमा जनसहभागिता परिचालन गरि हरित नगर, सरसफाई युक्त नगर बनाईदै लगिने निर्णय गरियो ।

**निर्णय नं. २६** जनता प्रति जवाफदेही नगर प्रशासन बनाउन भ्रष्टाचार बिरुद्ध राजनीति र कर्मचारी प्रशासन अबलम्वन नीति लाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो साथै अबिलम्ब यस न. पा. का ११ वटै वडा कार्यालयहरु व्यबस्थापन गरि स्थानिय स्तर मै जनताले महसुश गर्ने गरि सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७** आम जनता, बिज्ञहरु तथा सबैको सल्लाह सुझाव लिई यस जयपृथ्वी नगरपालिकाको अल्पकालिन र दीर्घ कालिन बिकास सम्बन्धि नगर प्रोफाइल र बिस्तृत गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने निर्णय गरियो ।

**निर्णय नं. २८** नगर भित्र संचालनमा रहेका बिभिन्न संघसंस्था तथा दात्री निकायहरु संग समन्वय तथा सहकार्य गरि नगरको सम्बृद्धीका लागि बिभिन्न क्षेत्रमा लगानी गरिने निर्णय गरियो ।

**निर्णय नं. २९** नगर बिकासको भरपर्दो अंगको रुपमा रहेका टोल बिकास संस्थाहरुको गठन गरि व्यबस्थित र भरपर्दो रुपमा संचालन गर्न बिकास निर्माणमा जनताले अपनत्व लिन टोल बिकासलाई व्यापक परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०** समाजमा बिकृती र बिसंगतीका रुपमा देखापरेका बाल बिबाह,छाउपढी प्रथा, जुवा तास र अनियन्त्रीत रक्सी सेबनबाट बढ्दै गएका अपराधिक क्रियाकलापलाई रोक्न व्यापक मात्रामा सुरक्षनिकाय र जनपरिचालन गरि सो बिसंगतिहरु न्यूनि करण गर्दै लगिने निर्णय गरियो ।

**निर्णय नं. ३१** शिक्षा, स्वास्थ्य, कृषि, वन आदि क्षेत्रमा देखिएका अनियन्त्रित क्रियाकलापलाई निरुत्साहित गर्दे लगिने निर्णय गरियो ।

**निर्णय नं. ३२** यस नगरपालिका अन्तर्गत रहेका बिभिन्न सामाजिक बिभेदहरु हटइन र संबिधानले तोके अनुसार आरक्षण ब्यबस्था लागु भैसकेको हुदा  महिला , दलित ,जेष्ठ नागरिक, बालवालिका,अपाङ्ग, आदिबासी आदि वर्गको श्रोत साधनमा पहुच पुऱ्याउन आवस्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३** यातायातको सुविधावाट बञ्चित सेती पारीको बस्तीलाई यातायातको पहुँचमा पुऱ्याउन यथासक्य चाँडो पहलगरी सेती नदिमा  पक्कि पूल व्यबस्थाको लागि सिध्र निर्माण गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३४** नगपालिकाको आन्तरिक आय बृद्धि एवं राजश्व परिचालनमा आम नागरिकको सहकार्य अभिबृद्धी गर्न स्वच्छिक कर तिर्ने बातावरण तयार गरि आर्थिकरुपमा आत्मनिर्भर नगरपालिका बनाइने नीति कार्यान्वयन गर्न नगर कार्यपालिका पूर्ण रुपमा परिचालित हुने निर्णय गरियो ।

**निर्णय नं. ३५** नगर पालिकाको आन्तरिक आम्दानी बढाउनको लागि नगर भित्र अविरल रुपमा वग्दै आएका नदी , खोलामा रहेको ढुङ्गा , गिट्टी , बालुवालाई ठेक्काबाट व्यबर्सथित गरि नियमानुसार राजश्व लिने निर्णय गरियो ।

**निर्णय नं. ३६** नगर भित्र वडा र टोलमा बिकास संस्था गठन गरि महिला समुह, बाल कल्व,नागरिक सचेतना केन्द्र र नागरिक समाज आदिको सहकार्यमा सामाजिक परिचालन लाई संस्थागत गर्दै लगिने निणय गरियो ।

**निर्णय नं. ३७** नगरवासीहरुमा अधिकारको साथसाथै कर्तव्य बोध गराईने र बिकास निर्माणका कार्यहरुमा नगरवासीमा अपनत्वको भावना जागृत गर्दै लगिने निणय गरियो ।

**निर्णय नं. ३८** कृषि र गैर कृषि उत्पादनमा बृदि गरि न.पा. को हालको पैठारीमा कटौती गरि निकासीमा प्रबर्द्धन हुने  कार्यकमहरु संचालन गरि निकासी योग्य कृषि र गैर कृषि सामाग्रि उत्पादन गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३९** हिमाली, दूर्गम र पिछडिएको नगरपालिका भएकोले यस क्षेत्रमा आर्थिक भौतिक पूर्वाधारहरु बिकास निर्माण गर्देलग्न अत्याबस्यक छ अतः यस नपाको नदी वारी पारी भाग जोड्नडुंग्रीमा Rcc पुल निर्माणका लागि केन्द्रमा यथासक्य पहल गरि पुल निर्माण गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४०** नगरपालिका भित्र उपयुक्त ठाउँ छनौट गरी पिकनिक स्पोर्टको निर्माण गरि कार्यान्वयनमा ल्याईने निर्णय गरियो ।

**निर्णय नं. ४१** यस नगरपालिका क्षेत्रभित्र रहेका सडकहरु व्यबस्थित गर्न नियमानुसारको सडकको क्षेत्र किटान गरि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२** पछि अर्को व्यवस्था भई नआए सम्म यस नगरपालिका अन्तर्गत नगरसभा र नगर कार्यपालिकाका पदाधिकारीहरुलाई प्रति बैठक प्रति दिन रु. १०००। बैठक भत्ता उपलब्ध गराउने र सोमा नियमानुसार १५ प्रतिशत पारिश्रमिक करकट्टी गरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४३** यस जयपृथ्वी नगरपालिकाले स्वीकृत दरबन्दी अनुसार विज्ञापन गरी पदपूर्ती गरेका कर्मचारीहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४** यस जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिगत लामो समय देखि बिभिन्न पदमा करारमा कार्यरत कर्मचारीहरुको म्यादथप गरि काममा लगाउने भन्ने निर्णय गरियो ।

**निर्णय नं. ४५** यस जयपृथ्वी नगरपालिकाले स्वीकृत दरबन्दी अनुसार विज्ञापन गरी पदपूर्ती गरेका कर्मचारीहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६** नेपालको संविधान २०७२ को धारा २१७ मा व्यवस्था भए अनुसार यस नगरपालिकाका उप प्रमुख श्री जुना जाग्रीको संयोजकत्वमा निम्नानुसार ३ (तिन) सदस्यिस न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

(क) जुना जाग्री संयोजक

(ख)

(ग)

**निर्णय नं. ४७** निम्न ऐन , नियमावली , कार्यविधि , निर्देशिका  र दिग्दर्शनहरु पारित गरि लागु गर्ने निर्णय गरियो ।

(१) जयपृथ्वी न.पा.को आर्थिक कार्य विधि नियमित तथा व्यवस्थित गर्न वनेको कानुन २०७४

(२) एफ. एम. रेडीयो व्यवस्थापन तथा संचालन कार्य बिधि २०७४

(३) जयपृथ्वी नगर सभा संचालन कार्य विधि २०७४

(४)स्थानिय तहः बजेट तर्जुमा तथा कार्यान्वयन आर्थिक व्यबस्थापन निर्देशिका २०७४

(५) जयपृथ्वी नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि २०७४

(६) जयपृथ्वी नगरपालिकाको विनियोजन ऐन  २०७४

(७) जयपृथ्वी न.पा. को आर्थिक ऐन २०७४

(८) जयपृथ्वी न.पा. को  कार्य सम्पादन नियमावली२०७४

(९) जयपृथ्वी न. पा. को कार्य बिभाजन नियमावली २०७४

(१०) जयपृथ्वी न. पा. को योजना तथा बजेट तर्जुमा सम्बन्धि दिग्दर्शन २०७४

(११) जयपृथ्वी न. पा. बाट गरिने सिफारिस लगायतका ढांचा र कार्यविधिहरु ।

**निर्णय नं. ४८** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ को (ख) ५ अनुसार  यस न. पा. को योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण समिति निम्न अनुसार गठन गर्ने निर्णय गरियो

(क) नगर उप प्रमुख जुना जाग्रि संयोजक

(ख)

(ग)

(घ)

(ङ)

## ***केन्द्र र प्रदेषमा माग गर्ने योजनाहरु***

**निर्णय नं. ४९** यस नगरपालिकाको आफ्नै नाममा रहेको वडा नं ९ स्थित रिठापाटातोलाचौर भन्ने जग्गामा ठेक्काबाट निर्माण भैरहेको नगर भवनको बांकी भागनिर्माणका लागि र यस नगरपालिकाको वडा नं २, ४, ५, ६, ८ र ११ मावडा भवन नभई हाल भाडा मार्फत कार्य संचालन भै रहेको हुंदा वडा भवनहरु निर्माणका लागि समेत रकम केन्द्रबाट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०** यस जयपृथ्वी नगरपालिकाको नाममा रहेको गगनचन्द्र बसपार्क गत आ.व.मा स्टीमेट अनुसार बाहुली गाड तर्फ लगायको मेसिनरी वाल होचो भएकाले सो वालयस आ.व.मा उठाइ अग्लो बनाउने र गत आ.व.मा बर्षादको समयमा काम संचालनभएकाले सोलिङ्ग गर्दा प्रभावकारी नहुने भएकाले सो काम बाँकी हुंदा वाल सोलिङ्ग तलहोचो हुने भएकाले यस आ.व.मा वाल उठाएपछि सो बसपार्कमा माटो फिलिङ्ग गरीसोलिङ्ग गर्ने भन्ने निर्णय गरियो ।

**निर्णय नं. ५१** बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुर स्थित नगरपालिका भएको र यस नगरपालिका क्षेत्र भित्र खेलकुदका कियाकलाप संचालन गर्न तथा कला र संस्कृतिका कियाकलापहरु संचालन गर्न अत्यावस्यक भएको कवर्ड सभा हल हाल सम्म यस जिल्लामा नवबनेको हुदा सो निर्माणका लागि केन्द्र संग माग गर्ने सर्ब सम्मत निर्णय गरियो ।

**निर्णय नं. ५२** यस नगरपालिकाको बिच भाग देवलमा २०३२ सालमा निर्माण सम्पन्न भै लगातार २०६७ साल सम्म प्लेन संचालनमा रहेको बझाङ्ग एअरपोर्ट हाल करिव ६,७ बर्ष संचालन नहुंदा नेपाल सरकारको अरबौंको सम्पति हानी नोक्सानी भै रहेकोले उक्त एअरपोर्टको मर्मत सम्भार गरि संचालन गरि दिन हुन केन्द्रमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३** हिमाली, दूर्गम र पिछडिएको नगरपालिका भएकोले यस क्षेत्रमा आर्थिक भौतिक पूर्वाधारहरु बिकास निर्माण गर्दैलग्न अत्याबस्यक छ अतः यस नपाको नदी वारी पारी भाग जोड्न डुंग्रीमा Rcc पुल निर्माणका लागि केन्द्रमा यथासक्य पहल गरि पुल निर्माण गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५४** यस जयपृथ्वी नगरपालिकाका आ.व. २०७३/०७४ सालमा सम्पन्न भएका योजनाहरुको समर्थन गर्ने निर्णय गरियो ।